कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर,बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८३/०८४
च.नं.:

**विषय : बाढी तथा पहिरोको दुःखद घटना प्रति शोक बक्तव्य ।**

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा पहिरोका कारण भएको जनधनको क्षतिप्रति कोहलपुर नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ। उक्त दुःखद् घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं। साथै, घाइते हुनुभएका सम्पूर्णको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

यस दुःखद् एवं विपद्को घडीमा नेपाल सरकार, सुरक्षा निकाय, राजनीतिक दल, विभिन्न संघसंस्था, समाजसेवी, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूले उद्धार, राहत तथा सहयोगका लागि देखाउनुभएको तत्परता, सद्भाव र मानवीय सहयोगप्रति कोहलपुर नगरपालिका हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछ।

उक्त बाढी प्रभावित क्षेत्रमा कामको सिलसिलामा गएका कोहलपुर नगरपालिकामा स्थायी बसोबास गर्ने केही नागरिकहरू हालसम्म परिवार तथा आफन्तको सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको छ। निजहरूको अवस्था यथाशीघ्र यकिन गरी आवश्यक खोजी तथा उद्धार कार्यमार्फत परिवार तथा आफन्तको सम्पर्कमा ल्याइदिनुहुन सम्बन्धित निकायसमक्ष हार्दिक अनुरोध गर्दछौं।

साथै, यस नगरपालिकामा बसोबास भएका तर हाल उक्त बाढी प्रभाबित क्षेत्रमा विभिन्न कामको शिलसिलामा रहनुभएका आफ्नो घर परीवार सदस्य संग सम्पर्क विहिन रहनु भएको भए यस नगरपालिका अन्तर्गतका वडा कार्यालय वा कोहलपुर नगर कार्यपालिकाको कार्यालयमा सोको सुचना/जानकारी उपलब्ध गराइदिनुहुन सम्बन्धित परीवार,आफन्त तथा सम्पुर्ण नगरवासीमा हार्दिक अनुरोध गर्दै, देहायका सम्पर्क नम्बरमा समेत जानकारी गराइदिनुहुन अनुरोध गर्दछौं ।

..................
पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

**सम्पर्क नं. :**

प्रमुख प्रशासकीय अधिकृतः ९८५८०६७१११
नगर प्रहरी प्रमुखः ९८५८०३४१११